NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

# नेपाललाई नोभेम्वर २२ को निर्वाचनकालागि निरन्तर अघि बढ्न कार्टर सेन्टर आग्रह गर्दछ

द कार्टर सेन्टर नेपालकालागि निर्वाचन पर्यवेक्षण मिसनको निर्वाचन पूर्वको तेस्रो विज्ञप्ति

१० अगष्ट २००७

**यथाशिघ्र प्रकासनका लागि**

**सम्पर्क**

**एटलान्टाका लागिः डेवोरा हेक्स, +१ ४०४ ४२०१५१२४;** **dhakes@emory.edu**

**काठमाडौंका लागिः डारेन नान्स, + ९७७ १ ४४४ ५०५५/१४४६;** **darren@nance.net**

*यस विज्ञप्तिले द कार्टर सेन्टर अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसन, नेपालको पर्यवेक्षण तथा यसका निरन्तर उपलब्धिहरूलाई प्रस्तुत गर्दछ । मार्च २००७ मा यस मिसनले संविधान सभाको निर्वाचन सम्मको अवधिका लागि राजनैतिक तथा निर्वाचनसम्बन्धि वातावरणको लेखाजोखा गर्न नेपाल भर नै विभिन्न नौ देशका नागरिकहरूको प्रतिनिधित्व गर्दै १३ जना दीर्घकालिन पर्यवेक्षकहरूलाई खटाएको छ । द कार्टर सेन्टरका पर्यवेक्षकहरूले नेपालका ७५ जिल्लाको सदरमूकाम मात्र नभई गाउँस्तरसम्म पनि धेरैपटक भ्रमण गरिसकेका छन् । यस केन्द्रको मिसनको उद्देश्य विद्यमान शान्ति प्रकृयाका उपलब्धिहरूलाई सुदृढ गर्नकालागि अन्तर्राष्ट्रिय सहयोग प्रदान गर्नु तथा संविधान सभा निर्वाचन प्रकृयाको स्वतन्त्र मूल्याङ्कन गनु रहेको छ ।*

## समिक्षा

नोभेम्वर २२, २००७ को निर्वाचन नेपालका लागि प्राप्य उद्देश्य हुन्छ भन्ने कार्टर सेन्टरको निरन्तर विश्वास छ । तथापि, अव समय छोटो भएकोले विश्वसनीय निर्वाचन प्रक्रियाका लागि विभिन्न पक्षबाट जरुरी, एकिकृत तथा प्रभावकारी कार्यको आवश्यकता पर्नेछ । सिमान्तिकृत समूहहरू, प्रत्येक राजनैतिक दल, नागरिक समाज तथा अन्तराष्ट्रिय समुदायले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने भएतापनि पहलकदमिको प्रमुख जिम्मेवारी सत्तासिन आठ दलको गठबन्धनमा रहन्छ । दोस्रो पटक पनि निर्वाचन गर्न ढिलो भएमा निर्वाचन सम्पन्न गर्न जनादेश पाएको सरकारको वैधानिकता माथि प्रश्न उठ्न सक्दछ । पर्याप्त समयको अभाव भएको यस घडीमा निर्वाचन प्रकृयाका लागि पूर्व सर्त थोपर्ने हो भने यसले व्यापक जनविश्वास प्राप्त गर्न सक्दैन । विद्यमान शान्ति प्रकृयाको अवधिभर कायम रहेको एकताबाट यो सेन्टर उत्साहित भएको छ र सत्तासिन गठबन्धन भित्र संविधान सभाको निर्वाचनसम्म यस्तो समन्वयले निरन्तरता पाउने कुरामा आशावादी छ ।

संयुक्त राज्य अमेरीकाका भ. पू. राष्ट्रपति जिम्मी कार्टरले भन्नु भयो, “यो समय नेपाल सरकारले विश्वसनिय संविधान सभाको निर्वाचन नोभेम्वर २२, २००७ मा सम्पन्न गराउन आफ्नो पूर्ण प्रतिवद्धता जाहेर गर्ने हो ।”

उहाँका अनुसार, "यस लक्ष्य प्राप्तिका लागि दलहरुको प्रतिवद्धतावारे जनतालाई सचेष्ट गराउन, सिमान्तिकृत समुहहरुको विश्वास जित्नका लागी तत्काल कार्य अघि बढाउन र विग्रदो सुरक्षा वातावरणलाई सम्वोधन गरी विद्यमान शान्ती प्रकृयालाई निरन्तरता दिन दलहरु एकजुट हुनु पर्दछ । "

## प्रमुख बुँदाहरू

**१. नोभेम्वरमा विश्वसनीय संविधान सभा सम्पन्न गर्नका लागि प्रतिवद्धता जाहेर गर्ने**

आठ दलको गठबन्धन सरकारले नोभेम्वरमा संविधान सभाको निर्वाचन गर्ने आफ्नो प्रतिवद्धताका लागि जनताको विश्वास पुनःर्प्राप्त गर्न तात्कालिक र सादृश्य कदम चाल्नु पर्दछ । समयमा निर्वाचन सम्पन्न गर्ने तथा आचार संहिताको पालना गर्ने भन्ने सम्पूर्ण दलले संयुक्त विज्ञप्ति जारी गरी स्थानीय तहमा राजनैतिक दलको निर्वाचन तयारी तथा कार्यक्रमहरूद्वारा सघाउ पुऱ्याउने हो भने यसले आसन्न कामको जिम्मेवारीप्रति सरकारको प्रतिवद्धता प्रस्तुत गर्नेछ ।

**२. सिमान्तिकृत समूहहरूका सरोकारहरूलाई सम्बोधन गर्न ब्यावहारिक तथा ठोस कदम चाल्ने**

यो सेन्टर हालसालैको २० बुँदे समझदारीका लागि सरकार तथा जनजातीलाई बधाइ ज्ञापन गर्नुका साथै यो अन्य आन्दोलनकारी समूहहरूका लागि नजिर हुनेछ भन्ने अपेक्षा गर्दछ । यसका अतिरिक्त, सिमान्तिकृत समूहहरूसँग हालसम्म भएका सम्पूर्ण सम्झौता सरकारले तदारुकताका साथ कार्यान्वयन गर्नु पर्दछ, वार्तालाई निरन्तरता दिइनु पर्दछ र अन्तरीम संविधानको मर्म र भावना अनुरूप विश्वासको वातावरण निर्माण कार्यलाई अघि बढाउनु पर्दछ । साथै संविधान सभाको निर्वाचन पूर्व ज्यादै छोटो समय बाँकि रहेकोले सिमान्तिकृत समूहहरूका नेताहरूले उचित सम्झौताको उपाय खोज्नु पर्दछ जसलेगर्दा उनीहरूका मतदाताहरूले संविधान सभाको प्रक्रियाबाट फाईदा लिन सकुन् ।

**३. तराई तथा देशका अन्य भागमा विस्तृत सुरक्षा योजना स्वीकार गर्ने**

यो सेन्टर मधेसी समुदायका नेताहरूजस्ता सम्बन्धित सरोकारवालाहरूसँग तराईको तथा देशका सम्पूर्ण भागमा निर्वाचन प्रकृयाभर समुचित वातावरण सुनिश्चित गर्न आठदलको सरकारले प्रत्यक्ष परामर्श गर्नु आवश्यक छ भन्ने कुरा पुनर्पुष्टि गर्दछ । यसका अतिरिक्त, माओवादीको निरन्तरको हिंसा तथा उत्तेजक व्यवहारले माओवादीको प्रजातान्त्रिक प्रक्रियामा पूर्ण सहभागीताप्रतिको चाहनामा जनतालाई प्रश्न गर्नेतर्फ उन्मुख गराउँदछ । विस्तृत शान्ति सम्झौता हनन् हुने सम्पूर्ण कार्य तत्काल बन्द गरिनु पर्दछ ।

**४. निर्वाचनकेन्द्रित गति कायम गर्ने**

निर्वाचनका लागि करीब १०० दिन मात्र बाँकी छ भन्ने कुरालाई मनन गरी निर्वाचनसम्बन्धि कानुनमा केही अन्तिम समायोजन गर्नुपर्ने भए तत्काल गरिनु पर्दछ । यसका अतिरिक्त, निर्वाचन आयोगले निर्वाचनसम्बन्धि ऐनका विद्यमान प्राविधिक अन्तराललाई समाधान गर्नु पर्दछ, अस्पष्ट कानुनी प्रावधानहरूलाई प्रष्ट्याउनु पर्दछ र दल दर्ताका लागि म्याद थप्ने विषयमा मनन गर्नु पर्दछ । सरकारलाई संवैधानिक अदालत तथा निर्वाचन क्षेत्र सिमाङ्कन सम्बन्धि थाँति रहेका कानुनी तथा निर्वाचन विशेषका सम्पूर्ण निर्णयहरू गर्न उत्साहित गरिन्छ । अन्तमा, द कार्टर सेन्टर निर्वाचन सम्पन्न भएपछि दलले समानुपातिक निर्वाचनमा जित्ने उम्मेदवार चयन गर्ने विषयमा आफ्नो सरोकार रहेको कुरालाई जोड दिनुका साथै स्वेच्छिक रुपमा दलहरूलाई उम्मेदवारको क्रम सूचि प्रकाशन गर्न उत्साहित गर्दछ ।

**५. व्यापक, समन्वयकारी तथा प्रभावकारी मतदाता शिक्षा अभियान तथा राट्रिष्य पर्यवेक्षकको उपस्थिति सुनिश्चित गर्ने**

यस केन्द्रले सरकार, निर्वाचन आयोग, राजनैतिक दलहरू, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदायबीच एकआपसमा सफल तथा व्यापक मतदाता शिक्षा अभियानको कार्यान्वनका लागि समन्वय गर्न हौसला प्रदान

गर्दछ। साथै, देशभर निष्पक्ष तथा विस्तृत पर्यवेक्षणका लागि योजना तयार गर्न राष्ट्रिय पर्यवेक्षक समूहहरूले आपसी समन्वय गर्नु पर्दछ।

####

"शान्ति स्थापना, रोगविरूद्ध संघर्ष, आशा सिर्जना।"

*द कार्टर सेन्टरले सन् २००७ मा आफ्नो २५ औं वार्षिकोत्सव मनाउने भएको छ। मुनाफारहित गैरसरकारी संस्था कार्टर सेन्टरले ६५ भन्दा बढी मुलुकहरूमा द्वन्द्व समाधान, प्रजातन्त्रको विकास, मानवअधिकार तथा आर्थिक अवसर, रोगको रोकथाम, मानसिक स्वास्थ्य स्याहारमा सुधार र विकासोन्मुख मुलुकहरूमा किसानहरूलाई उत्पादन वृद्धिका लागि प्रशिक्षणका माध्यमद्वारा मानिसहरूको जीवनस्तर उकास्न सहयोग गरेको छ। कार्टर सेन्टर १९८२ मा अमेरिकाका भूतपूर्व राष्ट्रपति जिमि कार्टर तथा वहाँकी धर्मपत्नी रोजालिनद्वारा एमोरी विश्वविद्यालयसँगको साझेदारीमा विश्वव्यापी रूपमा शान्ति तथा स्वास्थ्यको विकासका लागि स्थापना गरिएको थियो। यस केन्द्रले २७ मुलुकमा ६७ वटा निर्वाचन पर्यवेक्षण गरिसकेको छ। द कार्टर सेन्टरबारे थप जानकारीका लागि कृपया* www.cartercenter.org *हेर्नु होला।*

यस विज्ञप्तिले द कार्टर सेन्टर अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसन, नेपालको पर्यवेक्षण तथा यसका निरन्तर उपलब्धिहरू प्रस्तुत गर्दछ। मार्च २००७ मा यस मिसनले संविधान सभाको निर्वाचन सम्मको अवधिका लागि राजनैतिक तथा निर्वाचनसम्बन्धि वातावरणको लेखाजोखा गर्न नेपाल भर नै विभिन्न नौ देशका नागरिकहरूको प्रतिनिधित्व गर्दै १३ जना दीर्घकालिन पर्यवेक्षक खटाएको छ। द कार्टर सेन्टरका पर्यवेक्षकहरूले नेपालका ७५ जिल्लाको सदरमूकाम मात्र नभई गाउँस्तरसम्म पनि धेरैपटक भ्रमण गरिसकेका छन्।

तल प्रस्तुत गरिएका पर्यवेक्षण तथा सिफारिसहरू कार्टर सेन्टरको निर्वाचन पूर्वको अघिल्ला विज्ञप्तिहरूका साथै कार्टर सेन्टरको प्रधान कार्यालयका कर्मचारी तथा दीर्घकालीन पर्यवेक्षकहरूले निर्वाचन अधिकारी, सरकारी कर्मचारी, राजनैतिक दल, नागरिक समाजका नेता, सुरक्षा अधिकारी, नेपाली नागरिक तथा अन्तर्राष्ट्रिय समुदायहरूका वैठकहरूबाट संकलन गरेको सूचनामा आधारित छन्।

द कार्टर सेन्टरले आफ्ना निर्वाचन सम्बन्धि पर्यवेक्षण कृयाकलापहरू नेपालको प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणसम्बन्धि सिद्धान्तहरूको घोषणापत्र *(Declaration of Principles for International Election Observation)* अनुरुप गैर दलगत रूपमा, पेशागत तवरले सञ्चालन गर्दछ। यस केन्द्रले अन्य अन्तर्राष्ट्रिय तथा स्थानीय पर्यवेक्षक प्रतिनिधिहरूसँग निकटतम समन्वय गर्दछ र यसका उपलब्धि तथा सिफारिससम्बन्धि आवधिक विज्ञप्तिहरू आफ्ना वेभ साइट www.cartercenter.org मार्फत प्रकाशन गर्दछ। कार्टर सेन्टर नेपालको उद्देश्य संविधान सभाको निर्वाचन प्रकृयामा सहयोग पुऱ्याउनु तथा संविधानसभा निर्वाचन प्रक्रियाको स्वतन्त्र मूल्याङ्कनका लागि अन्तर्राष्ट्रिय सहयोग प्रदान गर्नु हो। द कार्टर सेन्टर आफ्ना कृयाकलापले नेपाली जनताबाट स्वीकारयोग्य विश्वसनीय प्रकृया सुनिश्चित गर्न सहयोग पुऱ्याउने र यसले विद्यमान शान्ति प्रकृयाका उपलब्धिहरूलाई सुदृढ गर्न मद्धत गर्दछ भन्ने अपेक्षा गर्दछ।

## परिचय

नेपाल दिगो शान्ति तथा समावेशी बहुदलीय प्रजातन्त्रकालागि संक्रमणकालको चुनौतिपूर्ण तथा ऐतिहासिक प्रक्रियामा प्रवेश गरेको छ । नोभेम्वर २००६ को वृहत शान्ति सम्झौताको एउटा महत्वपूर्ण पक्ष भनेको संविधान सभाको निर्वाचन हो, जसले नयाँ संविधानको मस्यौदा तयार गर्नेतर्फ अग्रसर गराउँदछ । तल औंल्याइएका सवालहरूका बाबजुद पनि द कार्टर सेन्टरको निरन्तर विश्वास छ कि नेपालको लागि नोभेम्वर २२, २००७ को निर्वाचन प्राप्य लक्ष हो । तथापि, अव समय छोटो भएको र फेरी पनि निर्वाचनमा ढिलाइ हुने हो भने त्यसले सरकारको वैधतालाई न्यूनआंकलन हुन सक्ने सम्भावना भएकोले जरूरी, एकिकृत तथा प्रभावकारी कार्य विभिन्न पक्षबाट हुन आवश्यक छ ।

सिमान्तिकृत समूहहरू, प्रत्येक राजनैतिक दल, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदायले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने भएतापनि पहलकदमिको प्रमुख जिम्मेवारी सत्तासिन आठ दलको गठबन्धनमा रहन्छ । हालसम्ममा नेपालले छोटो समयमा उल्लेखनीय गति प्राप्त गरेको हुनाले यस्तो उपलब्धिका लागि नेपाली जनता लगायत सम्पूर्ण सरोकारवालाहरू प्रशंसाको पात्र भएका छन् । तथापि, सरकार र अन्य सरोकारवालाहरूले शान्ति प्रकियाका उपलब्धिहरूलाई एकत्रित गर्न तथा निरन्तर प्रगतिलाई सुनिश्चित गर्न थाँति रहेका चुनौतिहरूलाई चाँडै सम्बोधन गर्ने प्रतिवद्धता दर्शाउनु आवश्यक छ ।

## प्रमुख बुँदाहरू

### १. नोभेम्वरमा विश्वसनीय संविधान सभा सम्पन्न गर्नका लागि प्रतिवद्धता जाहेर गर्ने

द कार्टर सेन्टरका पर्यवेक्षकहरूबाट प्राप्त प्रतिवेदनले नेपाली जनता तथा वर्तमान अन्तरिम सरकारबीच, विशेषत केन्द्रीय तहमा विश्वासको खाडल सिर्जना भएको छ भन्ने कुरा इंगित गरेको छ । नोभेम्वर २२ को निर्वाचनको तिथिका लागि आठ दल गठबन्धनमा रहेका सम्पूर्ण दलहरूको प्रतिवद्धताप्रति शंका रहेको छ । सम्पूर्ण दलहरूबाट सहमति भइसकेका विषयहरूमा हालसालै माओवादीहरूले गणतन्त्रको घोषणा तथा निर्वाचन प्रणालीमा आमूल परिवर्तनका लागि राखेको पूर्व सर्तले विश्वास उजागर गर्दैन । यसका अतिरिक्त, माओवादीको निरन्तर हिंसा तथा उत्तेजित व्यवहारले उनीहरूको प्रजातान्त्रिक प्रक्रियामा पूर्ण सहभागिताप्रतिको चाहनामा जनतालाई प्रश्न गर्नेतर्फ उन्मुख गराउँदछ । सरकार तथा जनजाती संघ बीचको हालसालै सम्पन्न भएको सम्झौता एउटा सकारात्मक तथा प्रशंसनीय उपलब्धी हो । तथापि, अन्य ऐतिहासिक रूपमा सिमान्तिकृत नेपालीहरूलाई विद्यमान राजनैतिक प्रक्रियामा यथेष्ठ रूपमा समावेश गराइन्छ भन्ने कुरा सुनिश्चित गर्ने गम्भिर प्रविद्धताको अभाव तर्फ सरोकार रहन्छ । अन्तमा, विशेषत तराइको कमजोर सुरक्षा अवस्थाले देशको भावी दिशाका वारेमा अल्पकालिन तथा दिर्घकालिन चिन्ता जगाउँदछ ।

संविधान सभाको निर्वाचनका लागि अब करीब १०० दिन मात्र बाँकि छ । तसर्थ, निर्वाचनका दृष्टिले निर्वाचन प्रणालीमा हुनुपर्ने परिवर्तनहरुका लागि  हुने कुनैनि छलफल समाप्त गरिनु पर्दछ । या त कुनै प्रकारको अन्तिम संसोधन तत्काल लागु गरिनु पर्दछ वा निर्वाचन आयोगलाई नोभेम्वरका लागि तय गरिएको निर्वाचनको तयारीकालागि उपलब्ध समयलाई ध्यानमा राखि यस्ता प्रस्ताव भावी निर्वाचनहरूका लागि प्रयोग गर्ने योजना हुनु पर्दछ । फेरी पनि निर्वाचनमा ढिलाई भएमा संविधान सभाको निर्वाचन सम्पन्न गराउने जनादेश पाएको वर्तमान अन्तरिम सरकारको वैधतामा नजारअन्दाज हुन सक्दछ । यस सेन्टर शान्ति प्रक्रियाको अवधिभर आठ राजनैतिक दलहरूबीच कायम रहेको एकताबाट उत्साहित भएको छ र उनीहरूको यस्तो समन्वय संविधान सभाको निर्वाचनसम्म कायम रहने अपेक्षा गर्दछ ।

**आठ दलको गठबन्धन सरकारले नोभेम्वरमा संविधान सभाको निर्वाचन गर्ने आफ्नो प्रतिवद्धताका लागि जनताको विश्वास पुनःप्राप्त गर्न तात्कालिक र सदृश्य कदम चाल्नु पर्दछ । समयमा निर्वाचन सम्पन्नगर्ने तथा आचार संहिताको पालना गर्ने भन्ने सम्पूर्ण दलले संयुक्त विज्ञप्ति जारी गरी स्थानीय तहमा राजनैतिक दलको निर्वाचन तयारी तथा कार्यक्रमहरूद्वारा सघाउ पुर्‍याउने हो भने यसले आसन्न कामको जिम्मेवारीप्रति सरकारको प्रतिवद्धता प्रस्तुत गर्नेछ ।**

## २. सिमान्तिकृत समूहहरूका सरोकारहरूलाई सम्बोधन गर्न व्यवहारिक तथा ठोस कदम चाल्ने

संविधान सभा सदस्य निर्वाचन ऐनले सिमान्तिकृत समूहहरूको समावेशीका लागि महत्वपूर्ण प्रावधानहरू समावेश गरेको छ । द कार्टर सेन्टर विश्वस्त छ कि यसले नेपाली राजनिति र समाजमा दुरगामी प्रभाव पार्नेछ । यसका अतिरिक्त, कार्टर सेन्टर हालसालैको २० बुँदे समभदारीका लागि सरकार तथा जनजातीलाई बधाइ ज्ञापन गर्नुका साथै यो अन्य आन्दोलनकारी समूहहरूका लागि नजिर हुने अपेक्षा गर्दछ । तथापि, ऐतिहासिक रूपमा सिमान्तिकृत समूहहरू जस्तै मधेसी, जनजाती, महिला, दलित, मुसलमान तथा अपाङ्गता भएका व्यक्तिहरू र अन्यले सरकारलाई विभिन्न माग पुरा गर्नका लागि निरन्तर दवाव दिइरहेका छन् । यीमध्ये पूर्ण समानुपातिक निर्वाचन प्रणालीको माग जस्ता केही मागहरू विशेषगरि निर्वाचनसँग सम्बन्धित छन् । तथापि, धेरै गुनासाहरू निर्वाचनको दायराभन्दा बाहिर पर्दछन् । यी मागहरूको वर्गिकरण जेसुकै भए तापनि धेरैजसो सवालहरूमा प्रमुख सरोकार सरकार पर्याप्त रुपमा जवाफदेही छैन र आफूले गरेका बाचा पुरागर्ने वाला छैन भन्ने देखिन्छ ।

सिमान्तिकृत समूहहरूको विश्वास जित्नका लागि र उनीहरू संविधान सभा निर्वाचनको प्रकृयामा बाधक हुँदैनन् भन्ने सुनिश्चित गर्न सरकारले उनीहरूसँगको वार्तालाई निरन्तरता दिनुकासाथै उनीहरूका विश्वास जित्ने खालका विशेष तथा व्यवहारीक कार्य समेत गर्नु पर्दछ । सरकार प्रतिको व्यापक अविश्वासलाई मध्यनजार राख्दा यो विशेषत तराईमा महत्वपूर्ण हुन्छ । यसका अतिरिक्त द कार्टर सेन्टरको अपेक्षा गर्दछ कि, सिमान्तिकृत समूहहरूले संविधान सभाको निर्वाचन पूर्व उनीहरूका सम्पूर्ण मागहरू पुरा गर्न सम्भव छैन भन्ने महशुस गर्नेछन् । राज्यको पुनसंरचना जस्ता सवालहरूलाई तर्कपूर्ण रूपमा निर्वाचित प्रतिनिधिहरूलाई व्यापक छलफलको माध्ययमद्वारा निर्णय गर्न दिनु सर्वोत्तम हुनुका साथै यसरी गरिएको निर्णयले वैधानिकता प्राप्त गर्दछ । साथै यो सेन्टर यी समूहहरूलाई संविधान सभालाई अवरोध पुऱ्याएर प्राप्त हुने उपलब्धि भन्दा हालको प्रस्तावित संविधान सभा निर्वाचन प्रणाली अन्तर्गत निर्वाचन सम्पन्न गर्दा बढी उपलव्धी हुन्छ भन्ने कुरा मनन गर्न उत्साहित गर्दछ । विद्यमान शान्ति प्रकृया अघि बढ्छ भन्ने सुनिश्चित गर्न सबै पक्षहरूबीच सम्झौता आवश्यक पर्दछ ।

**सरकारले तदारुकताका साथ सिमान्तिकृत समूहहरूसँग हालसम्म भएका सवै सम्झौता कार्यान्वयन गर्नु पदर्छ, वार्तालाई निरन्तरता दिनु' पर्दछ र अन्तरिम संविधानको मर्म र भावनाअनुरूप अन्य कार्यवाही अघि बढाउनु पर्दछ । यसका अतिरिक्त संविधान सभाको निर्वाचन पूर्व ज्यादै छोटो समय बाँकि रहेकोले सिमान्तिकृत समूहहरूका नेताहरूले उचित सम्झौताको उपाय खोज्नु पर्दछ जसलेगर्दा उनीहरूका मतदाताहरूले संविधान सभाको प्रकियाबाट फाईदा लिन सक्नेछन् ।**

## ३. तराई तथा देशका अन्य भागमा विस्तृत सुरक्षा योजना स्वीकार गर्ने

देशका विभिन्न भागमा रहेको फितलो सुरक्षा अवस्थाले निर्वाचनका लागि निराशाजनक प्रभाव पार्ने अवस्था छ । विशेषत द कार्टर सेन्टरका दीर्घकालीन पर्यवेक्षकहरूले तराईमा सशस्त्र समूहहरूबाट हिंसा, चन्दा आतंक र अपहरणका प्रतिवेदनहरू निरन्तर प्राप्त गरिरहेका छन् । द कार्टर सेन्टरको विश्वास छ कि सरकारले मधेसी जनताका जायज मागहरूलाई वार्ताद्वारा संवोधन गर्ने अतिरिक्त उपायहरू समयमै अवलम्बन गर्ने हो भने तराईको आन्दोलन उल्लेखनीय रूपमा शान्त पार्न सकिन्छ । यसका साथै विद्यमान आपराधिक गतिविधिहरूलाई संवोधन गर्न मधेसी नेताहरूसँगको सहकार्यमा प्रभावकारी सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्नु पर्दछ । सुरक्षा बललाई रणनीतीमूलक तथा संवेदनशील रूपमा प्रयोग गरीनु पर्दछ, जसले गर्दा द्वन्द्व नबढोस् । तथापी, प्रहरी चौकी पुनर्स्थापना गर्नु र तालिम प्राप्त समावेशी सुरक्षा बललाई केन्द्रीय तहबाट पर्याप्त राजनैतिक सहयोग प्रदान गर्नु महत्वपूर्ण हुन्छ । यथेष्ठ सुरक्षा निवाचन हुने दिनको लागि मात्र नभएर सम्पूर्ण निर्वाचन प्रकृयाभर नै प्रदान गर्नुपर्दछ  जसले गर्दा जिल्ला निर्वाचन कार्यालयहरू, मतदाता शिक्षा समूहहरू तथा राजनैतिक दलहरूलाई पर्याप्त तयारी गर्न सहज होस् ।

यसका अतिरिक्त, माओवादी कार्यकर्ताहरू तथा माआवादीको भातृ संगठन यङ् कम्युनिस्ट लिग (वाई. सि. एल.) मे २००६ को आचार संहिताको बर्खिलाप हुने खालका गतिविधिमा अभ्यस्त छन् । माओवादीको नेतृत्व पनि अप्ठेरो परिस्थितिमा छ किनभने एकातर्फ उनीहरूले शान्ति सम्झौतामा गरिएका प्रतिवद्धतालाई कायमा राख्नु पर्नेछ भने अर्कातर्फ शान्ति प्रकृयाबाट हुने उपलब्धीहरूका बारेमा कट्टरपन्थी कार्यकर्ताहरूबाट बढ्दो रूपमा उठ्ने गरेका प्रश्नहरूलाई पनि शान्त गर्नु पर्नेछ । अन्य राजनैतिक दलहरूले माओवादीलाई सफलतापूर्वक शान्तिमा रूपान्तरण देशको हितमा हुन्छ भन्ने मनन् गर्नु पर्दछ । यस्तो प्रकारको सहयोगमा निम्न कुरा पर्दछन्: यङ् कम्युनिस्ट लिग (वाई. सि. एल.) को सवाललाई प्रभावकारी रूपमा सम्बोधन गर्ने भन्ने विषयमा यथार्थपरक छलफल, सुरक्षा क्षेत्र सुधार तथा नोभेम्बर २००६ को हतियार ब्यवस्थापन सम्झौता अनुसारको जनमुक्ति सेनाको समाहिकिकरणको प्रकृया जस्ता जटिल प्रश्नहरूको प्रारम्भिक छलफल शुरु गर्ने ।

तथापि, माओवादीहरूले यो महशुस गर्नु पर्दछ कि उनीहरूका उत्तेजक व्यवहारले विद्यमान संक्रमण प्रकृयालाई नकारात्मक असर पार्दछ र उनीहरूले नेपाली जनता तथा अन्तर्राष्ट्रिय समूदायको मन जित्ने प्रयत्नलाई सहयोग पुऱ्याउदैन । माओवादी तथा वाईसिएल कार्यकर्ताले यस्ता सम्पूर्ण व्यवहार बन्द गर्नु पर्दछ र विद्यमान शान्ति प्रकृयामा उनीहरूले सकारात्मक भूमिका निर्वाह गर्नेछन् भन्ने कुरा नेपाली जनतालाई प्रदर्शन गर्नु पर्दछ । अन्त्यमा यदी आसन्न संविधान सभाको निर्वाचन स्वतन्त्र तथा निष्पक्ष वातावरणमा सम्पन्न हुनु पर्दछ र यदी मतदातहरूलाई आफूले जानेबुझेका कुरामा निर्णय गर्न दिनु पर्दछ भने जुनसुकै विचारधारा राख्ने राजनैतिक दलहरूलाई पनिस्वतन्त्र रूपमा देशभर घुम्न र अभियान सञ्चालन गर्न दिईनु पर्दछ ।

**द सेन्टर मधेसी समूदायका नेताहरूजस्ता सम्बन्धित सरोकारवालाहरूसँग तराईको तथा देशका सम्पूर्ण भागमा निर्वाचन प्रकृयाभर समुचित वातावरण सुनिश्चित गर्न आठदलको सरकारले प्रत्यक्ष परामर्श गर्नु आवश्यक छ भन्ने कुरा पुनर्पुष्टि गर्दछ । यसका अतिरिक्त, माओवादीको निरन्तरको हिंसा तथा उत्तेजक व्यवहारले माओवादीको प्रजातान्त्रिक प्रक्रियामा पूर्ण सहभागीताप्रतिको चाहनामा जनतालाई प्रश्न गर्नेतर्फ उन्मुख गराउँदछ । विस्तृत शान्ति सम्झौता हनन् हुने सम्पूर्ण कार्य तत्काल बन्द गरिनु पर्दछ ।**

## ४. निर्वाचनकेन्द्रित गति कायम गर्ने

अन्तरिम विधायिका संसदले संविधान सभा सदस्य निर्वाचन ऐन पारित गरेकोमा द कार्टर सेन्टर उत्साहित भएको छ । यस ऐनले संविधान सभाका लागि निर्वाचन प्रणाली तय गरेको छ र निर्वाचनको तयारीतर्फ अघि बढ्न महत्वपूर्ण कदमका रुपमा प्रतिनिधित्व गर्दछ । यस ऐनमा थुप्रै प्राविधिक सवालहरू रहेकाले निर्वाचन प्रणाली कार्यान्वयन गर्नु अघि तिनीहरूको समाधान गरिनु पर्दछ । द कार्टर सेन्टर विश्वस्त छ कि निर्वाचन आयोगका नियम तथा निर्देशनहरूले धेरैजसो विद्यमान अन्तराललाई पूर्ति गर्नेछ ।

तथापी, ऐनका धेरै प्रावधानहरूले राजनैतिक दलहरूलाई जवाफदेहिताका लागि थोरै संयन्त्रका साथ अत्याधिक विश्वास गरेजस्तो देखिन्छ । यसमध्येको ज्यादै महत्वपूर्ण एउटा पक्ष भनेको चुनाव जितिसकेपछि समानुपातिक प्रतिनिधित्वको सिटका लागि सूचिबाट उम्मेदवार तोक्न दलहरूलाई प्रदत्त राजनैतिक निर्णयको अधिकार हो । यस्तो अभ्यास विश्वमा गायाना र सर्विया दुई देशमा मात्र प्रयोग गरिएको छ र यस अभ्यासलाई मतदाताका लागि अपारदर्शी प्रक्रिया भएको र उम्मेदवारमाथि दलहरूलाई अधिकतम नियन्त्रण गर्न उत्साहित गर्ने खालको भनेर पर्यवेक्षकहरूले व्यापक निन्दा गरेका थिए । यसको प्रभाव नेपालमा भिन्न हुन्छ भनेर विश्वासगर्ने कुनै आधार छैन । यसका अतिरिक्त दलको नेतृत्व पंक्ति द्वन्द्वपश्चातको कमजोर परिवेशको सामना र अन्त्य गर्ने भन्दा पनि आफ्ना विजेताहरू टिप्ने विवादास्पद प्रक्रियामा अभ्यस्त हुने भएकोले यस प्रकृयाले दलभित्रको आन्तरिक खिचातानीलाई अझै नकारात्मक बनाउने सम्भावना रहन्छ ।

राजनैतिक दलहरूले कानुनी रुपमा आवश्यक नभएता पनि आफ्ना दलका मतदाताहरूले चयन गर्ने उम्मेदवार को हुन सक्छन् भन्ने प्रदर्शन गर्न उम्मेदवारको क्रम सूचि पेश गर्नुका साथै प्रकासन समेत गर्नु पर्दछ । यो प्रकृया अवलम्बन नगर्ने दलहरूले निर्वाचनपश्चात कम्तिमा पनि मतदाता समूहहरू आफ्नो

प्रतिनिधित्वका लागि योग्य नेताहरूको रुपमा हेर्ने खालका क्षमतावान व्यक्तिहरूलाई चयन गर्नु पर्दछ । साथै यस केन्द्र दृढताका साथ यो सिफारिस गर्दछ कि नेपालमा यस्तोखाले क्रमविहिन सूचिको प्रावधान भविष्यमा भने कुनै पनि निर्वाचनका लागि तय नगरियोस् ।

यस सेन्टरले निर्वाचनको समानुपातिक प्रतिनिधित्वका सन्दर्भमा सिमान्तिकृत समूहहरूका लागि तय गरिएको कोटा व्यवस्थाको समर्थन गर्दछ । तथापि, यस प्रणालीको कार्यान्वयन पक्ष व्यवस्थापकीय दृष्टिले जटिल हुने सम्भावना छ । यसका अलावा, साना सिमान्तिकृत समूहहरू (जस्तै मुसलमान) लाई अन्तरिम संविधानले समाहित गर्न चाहेको भएतापनि निर्वाचनसम्बन्धि ऐनमा उनीहरूलाई समेटिएन र “अन्य समूहहरू” को वर्गिकरण सम्पूर्ण अन्य नेपालीहरूका लागि आरक्षणको रुपमा रुपान्तरण भयो । यस्तोखाले संविधानको नयाँ व्याख्याको सम्भावित परिणाम यो हुन सक्छकि “अन्य” को वर्गिकरण ब्राम्हण तथा क्षेत्रीबाट पूर्ति गरिने छ ।

अन्तमा, नेपाली जनताहरूमाझ निर्वाचन प्रणालीले वास्तवमा कसरी काम गर्नेछ भन्ने अस्पष्टता विद्यमान छ र विभिन्न सिमान्तिकृत समूहहरूमाझ उनीहरूका अधिकारभित्र पर्ने सिटहरू सरकारले नदिन आफ्नो अन्य विकल्पहरू प्रयोग गर्नेछ भन्ने आशंका छ । अनावश्यक सरोकारहरू न्यून गर्नका लागि वास्तविक सूचना व्यापक रुपमा प्रवाह गर्ने कुरा सरकारले सुनिश्चित गर्नु आवश्यक हुन्छ । संवैधानिक अदालतको लागि कानुन लगायत निर्वाचन क्षेत्र सिमाङ्कनसम्बन्धि अन्तिम निर्णयजस्ता संविधान सभा निर्वाचनको तयारीका लागी निर्वाचन आयोगलाई अन्तिमरुप दिनका लागि आवश्यकपर्ने अरू सवालहरू थाँति रहेका छन् । यी सवालहरूलाई तुरुन्त सम्बोधन गरिनु पर्दछ । जुन महिनाबाट नोभम्वरका लागि निर्वाचन सारिएको हुनाले दल दर्ता गर्ने म्याद पनि थप गरिनु पर्दछ । यसले सम्भवतः सिमान्तिकृत समूहहरूको समावेशीका लागि राजनैतिक दलहरूको अवसर खुल्ला गरेर थप विकल्प प्रदान गर्न सक्दछ ।

**निर्वाचनका लागि करीब १०० दिन मात्र बाँकी छ भन्ने कुरालाई मनन गरी निर्वाचनसम्बन्धि कानुनमा केही अन्तिम समायोजन गर्नुपर्ने भए तत्काल गरिनु पर्दछ । यसका अतिरिक्त निर्वाचन आयोगले निर्वाचनसम्बन्धि कानुनका विद्यमान प्राविधिक अन्तराललाई समाधान गर्नु पर्दछ, अस्पष्ट कानुनी प्रावधानहरूलाई प्रष्ट्याउनु पर्दछ र दल दर्ताका लागि म्याद थप्ने विषयमा मनन गर्नु पर्दछ । सरकारलाई संवैधानिक अदालत तथा निर्वाचन क्षेत्र सिमाङ्कन सम्बन्धि थाँति रहेका कानुनी तथा निर्वाचन विशेषका सम्पूर्ण निर्णयहरू गर्न उत्साहित गरिन्छ । अन्तमा, द कार्टर सेन्टरले निर्वाचन सम्पन्न भएपछि दलले समानुपातिक निर्वाचनमा जित्ने उम्मेदवार चयन गर्ने विषयमा आफ्नो सरोकारलाई जोड दिनुका साथै स्वेच्छिक रुपमा दलहरूलाई उम्मेदवारको क्रम सूचि प्रकाशन गर्न उत्साहित गर्दछ ।**

## ५. व्यापक, समन्वयकारी तथा प्रभावकारी मतदाता शिक्षा अभियान तथा स्थानीय राष्ट्रिय पर्यवेक्षकको उपस्थिति सुनिश्चित गर्ने

कार्टर सेन्टरका निर्वाचन पूर्वका विज्ञप्तिहरूमा उल्लेख गरिएझैं निर्वाचन आयोग, राजनैतिक दलहरू, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायले व्यापक तथा प्रभावकारी मतदाता शिक्षा र जनचेतना अभियानको रचना गर्नका लागि महत्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ । संविधान सभा निर्वाचनको विशेष भूमिका तथा नयाँ मिश्रित निर्वाचन प्रणालीले कसरी काम गर्दछ भन्नेवारे छलफलका लागि नेपाली जनताहरूलाई अवसर प्रदान गर्नाले शिक्षित मतदाताहरूलाई निर्वाचनका दिन आफूले चाहेको उम्मेदवारलाई चयन गर्न सक्षम बनाउँदछ । निर्वाचन आयोग तथा नागरिक समाज समूहहरूबाट केही उत्साहित प्रयासहरू भइरहेका छन् ।

यसका अतिरिक्त, एउटा निष्पक्ष तथा समन्वयकारी राष्ट्रिय पर्यवेक्षण संविधान सभा निर्वाचन प्रकृयाका लागि महत्वपूर्ण हुन्छ । हाल पर्यवेक्षणको तयारीमा अभ्यस्त संस्थाहरूका विभिन्न सञ्जालहरू छन् र यस सेन्टरले यी समूहहरूलाई उनीहरूका प्रयासहरू एउटै उद्देश्यका लागि हुनेछन् भन्ने सुनिश्चित गर्नका लागि आपसमा मिलेर काम गर्न उत्साहित गर्दछ । यी भिन्न गठबन्धनहरूबीच प्रतिस्पर्धा हुनु हुँदैन किनकि सबैको एउटै लक्ष छ : नेपालको निर्वाचन प्रकृयाको निष्पक्ष तथा विस्तृत पूनरावलोकन । दाता तथा साझेदार अन्तर्राष्ट्रिय संस्थाहरूले यस्तो सहकार्यलाई हौसला प्रदान गर्नुका साथै निष्पक्षताको महत्वमा पनि जोड दिनु पर्दछ ।

**यस केन्द्रले सरकार, निर्वाचन आयोग, राजनैतिक दलहरू, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदायबीच एकआपसमा सफल तथा व्यापक मतदाता शिक्षा अभियानको कार्यान्वनका लागि समन्वय गर्न हौसला प्रदान गर्दछ । यसका अतिरिक्त, देशभर निष्पक्ष तथा विस्तृत निर्वाचन पर्यवेक्षणका लागि योजना तयार गर्न राष्ट्रिय पर्यवेक्षक समूहहरूले आपसमा समन्वय गर्नु पर्दछ ।**

## निष्कर्स

नेपालले आफ्नो विद्यमान शान्ति प्रकृयामा निरन्तर रुपमा महत्वपूर्ण प्रगति गरिरहेको छ । संविधान सभा सदस्य निर्वाचन ऐनलाई पारित गरिनु तथा निर्वाचन आयोगले तयारीलाई निरन्तरता दिनु नोभेम्वर २२ मा सम्पन्न हुने निर्वाचनको तयारी तर्फको सकारात्मक संकेत हुन् । तथापि, नोभेम्वरमा संविधान सभाको निर्वाचन सम्पन्न गर्ने भनि गरिएको सहमतिको लक्ष हासिल गर्ने कुरा सुनिश्चित गर्न सम्पूर्ण राजनैतिक दलहरूले यथा शिघ्र दृढ, सादृश्य प्रतिवद्धता जाहेर गरि त्यसको कार्यान्वयन गर्नु पर्दछ । निर्वाचनका लागि फेरी पनि ढिलाई भएमा यसले स्वदेश तथा विदेशमा अन्तरिम सरकारको विश्वसनीयतामा आँच पुऱ्याउने सम्भावना छ ।

छोटो समयावधिलाई मध्यनजर राख्दै बाँकी रहेका चुनौतिहरूको सम्बोधन गरिनु पर्दछ । जनजातिहरूसँग सफलता हासिल गरेजस्तै वर्तमान सरकारले नेपाली जनता तथा विशेषत ऐतिहासिक रूपमा सिमान्तिकृत समूहहरूसँग पनि विश्वास निर्माण गर्नु पर्दछ । सम्पूर्ण सरोकारवालासँगको सहकार्यमा विशेषत मधेसी तथा मधेसी सामुदायिक नेताहरूको उल्लेखनीय सहभागीता रहेको सुरक्षा बलको संलग्नतामा देशमा, खासगरी तराई क्षेत्रमा तत्काल प्रभावकारी सुरक्षा योजना तय गरी कार्यान्वयन गर्नु पर्दछ । अन्तमा, यस केन्द्र सरकारलाई चुनाव केन्द्रित गति सिर्जना गर्न र अन्य सम्बन्धित सरोकारवालाहरूलाई व्यापक मतदाता शिक्षाका लागि पहल गर्न र समन्वयकारी, निष्पक्ष राष्ट्रिय पर्यवेक्षणका लागि प्रयास गर्न प्रोत्साहित गर्दछ । प्रमुख सरोकारवालाहरूले यथेष्ठ इच्छाशक्ति दर्शाएको खण्डमा यी अवरोधहरूमध्ये कुनै पनि पन्छाउन नसकिने खालका छैनन् । यस केन्द्र विश्वस्त छ कि माथिका उपायहरूलाई एकत्रित रूपमा अवलम्वन गर्ने हो भने यसले नोभेम्वरको संविधान सभा निर्वाचन सञ्चालन गर्नका लागि समुचित वातावरण सिर्जना गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

द कार्टर सेन्टर सहयोग तथा उदारका साथ सम्मानको आधारमा आफ्ना अवलोकन तथा सुझावहरू प्रस्तुत गर्दछ र यी सुझावहरू भावी कार्यका लागि छलफलको उपयोगी बुँदा हुन सक्दछन् भन्ने अपेक्षा गर्दछ । यो सेन्टर संविधानसभा निर्वाचन प्रकृयाको पर्यवेक्षण गर्ने यस केन्द्रको प्रयासमा सहजता प्रदान गर्न आफ्नो समय तथा उर्जा प्रदान गर्ने नेपालका कर्मचारी, राजनीतिक दलका सदस्य, नागरिक कार्यकर्ता, नागरिकहरू तथा अन्तराष्ट्रिय समुदायका प्रतिनिधिहरूलाई धन्यवाद ज्ञापन गर्दछ ।

####

"शान्ति स्थापना, रोगविरूद्ध संघर्ष, आशा सिर्जना ।"

*द कार्टर सेन्टरले सन् २००७ मा आफ्नो २५ औं वार्षिकोत्सव मनाउने भएको छ । मुनाफारहित गैरसरकारी संस्था कार्टर सेन्टरले ६५ भन्दा बढी मुलुकहरूमा द्वन्द्व समाधान, प्रजातन्त्रको विकास, मानवअधिकार तथा आर्थिक अवसर, रोगको रोकथाम, मानसिक स्वास्थ्य स्याहारमा सुधार र विकासोन्मुख मुलुकहरूमा किसानहरूलाई उत्पादन वृद्धिका लागि प्रशिक्षणका माध्यमद्वारा मानिसहरूको जीवनस्तर उकास्न सहयोग*

*गरेको छ । कार्टर सेन्टर १९८२ मा अमेरिकाका भूतपूर्व राष्ट्रपति जिमि कार्टर तथा वहाँकी धर्मपत्नी रोजालिनद्वारा एमोरी विश्वविद्यालयसँगको साझेदारीमा विश्वव्यापी रूपमा शान्ति तथा स्वास्थ्यको विकासका लागि स्थापना गरिएको थियो । यस केन्द्रले २७ मुलुकमा ६७ वटा निर्वाचन पर्यवेक्षण गरिसकेको छ । द कार्टर सेन्टरबारे थप जानकारीका लागि कृपया* [www.cartercenter.org](http://www.cartercenter.org) *हेर्नु होला ।*